<u>मिति २०७५।०३।१३ गते नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रम</u>

"कृषि, पर्यटन र पूर्वाधार
समृद्ध टीकापुरको आधार"

# टीकापुर नगरपालिका
# तेस्रो नगर सभामा प्रस्तुत

## आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम

**नगरसभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,**

**हाम्रो आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनु भएका विभिन्न क्षेत्रका संचारकर्मी तथा पत्रकारज्यूहरु ,**

जनताको सदियौंदेखिको त्याग र बलिदानबाट स्थापित संविधान सभाले संघिय लोकतान्त्रिक गणतन्त्र सहितको संविधान जारी गरिसकेपछि पहिलो पटक सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित यो जनप्रतिनिधिमूलक नगरसभामा टीकापुर नगरपालिकाको उपप्रमुखको हैसियतले आगामी आ.व. ०७५/०७६ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई गौरव महसुस भएको छ ।

यस ऐतिहासिक घडीमा म सर्वप्रथम इतिहासका विभिन्न कालखण्डहरुमा भएका मुक्तिका आन्दोलनमा आफ्नो ज्यानको आहुती दिनुहुने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्न चाहान्छु । टीकापुरलाई इतिहासका विभिन्न मोडहरुमा आफ्नो कुसल नेतृत्व प्रदान गरी अहिलेको अवस्थासम्म ल्याउनुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दै जनताको अभिमतबाट निर्वाचित स्थानीय सरकारको अभिभारा सम्हालेको प्रथम वर्षको सिकाईबाट प्रेरणा लिई जनताको अपेक्षा अनुसार निरन्तर अगाडी बढ्ने प्रतिवद्धता सहित हामीले यो नीति तथा कार्यक्रम यहाँहरुमाझ प्रस्तुत गरिरहेका छौँ ।

टीकापुर पार्क, विविधतायुक्त साँस्कृतिक संगमता, डल्फिन क्षेत्र लगाएतका अपार सम्भावनाहरु बोकेको यस नगरपालिका हाम्रा साझा प्रयास र सहकार्यबाट भावी दिनहरुलाई सुखी र समृद्ध बनाउन सकिने कुरामा शंका छैन । टीकापुरलाई आधुनिक शहर बनाउन दातृ निकाय, संघसंस्था, प्रदेश र संघिय सरकार सहयोगी बन्न सक्छन । साथै यसका लागि हामीले दुरदृष्टि तय गरी सो को परिपूर्तिका लागि विभिन्न नीति, कार्यक्रम, योजना, रणनीति बनाउने यही थलो हो । यो ऐतिहासिक नगर सभाको तयारीका सिलसिलामा हामीले टीकापुरवासीको प्रतिनिधित्व हुने गरी प्रयाप्त छलफल गर्ने प्रयास गरेका छौं । साथै नगरपालिकाले विकासका लागि सबै पक्षको सहयोग, सल्लाह लिन भोलिका दिनमा पनि कन्जुस्याइँ नगर्ने वाचा गर्दछु । नगरको विकासमा सबै क्षेत्र सँगको सहकार्यलाई अझ फराकिलो बनाउदै लगिनेछ ।

विभिन्न जात जातीले मनाउने चाँडपर्वहरु, बोलिने भाषाभाषीहरु र मौलिक संस्कृतिहरुले हाम्रो समाजलाई अझ समृद्ध बनाएको छ । यीनै विविधतायुक्त सांस्कृतिक संगमतालाई विकसित गर्दै लैजान सकिए सामाजिक सद्भाव र भाईचारा समेत बढ्ने कुरामा दुईमत हुन सक्दैन । **"अनेकतामा एकता र संस्कृतिमा विविधता"** लाई टीकापुरको पहिचान बनाएर अगाडि बढ्नु हाम्रालागि अपरिहार्य छ । निर्वाचित जनप्रतिनिधिका हैसियतले हामी नगरवासीहरुका चाहाना र भावनाहरुलाई उच्च सम्मान गर्दै मन, बचन र कर्मले सदैब सेवारत रहने प्रतिवद्धता समेत प्रकट गर्दछु ।

**आदरणिय सभाध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

टीकापुर नगरपालिका कैलाली जिल्लाको पूर्वी क्षेत्रको आर्थिक तथा सामाजिक अन्तरसम्बन्धको केन्द्र मान्न सकिन्छ। नेपाल भारत जोड्ने मोहना नदी, पूर्वी क्षेत्रमा बग्ने कर्णाली नदी, पर्यटकीय स्थल, उर्वर भुमी, व्यवस्थित शहर जस्ता प्रशस्त आधारशीला बोकेको टीकापुर नगरपालिका आफैमा विशिष्ट पहिचान बनाउन सक्ने संभावना रहेको नगरपालिका हो ।

उपरोक्त सकारात्मक पक्षका वावजुद वाढी तथा नदी कटान, फोहरमैला व्यवस्थापन तथा वातावरण प्रदुषण, खानेपानी, सडक यातायात तथा ढल व्यवस्थापन, शिक्षा, स्वास्थ्य र सार्वजनिक पर्ति जग्गाको अतिक्रमण जस्ता समस्याहरु नगरपालिकाले व्यहोरिरहेको तितो यथार्थ सबैका साम ुछर्लङ्ग छ ।

स्थानिय सरकारको भुमिका निर्वाह गरीरहेको यस नगरपालिकाले हाल सीमीत श्रोत र साधनबाट कार्यसंचालन गर्नुपर्ने चुनौती एकातर्फ छ भने अर्को तर्फ जनअपेक्षालाई सम्वोधन गर्नु पर्ने जटीलता विद्यमान छ । यद्यपी नगरवासीहरुको हित र सुविधाका लागि उपलव्ध स्रोत र साधनलाई अधिकतम उपयोग गरी समुन्नत नगर निर्माणको अभियानमा मेहनतका साथ हामी अग्रसर भैरहेका छौं ।

टीकापुर नगरलाई देशको नमुना शहरको रुपमा विकास गरी नगरवासीको सपना साकार पार्ने र सवै देशवासीलाई टीकापुर तर्फ आर्कषित गर्न यहाँ रहेका पार्क, उद्यान, नदी, ताल आदिलाई पर्यटकीय दृष्टिकोणले उपयोग गरी नगरपालिकाको आयश्रोत वृद्धि गर्ने प्रक्रियामा हामी लागि रहेका छौं ।

नीति कार्यक्रम तथा वजेट तय गर्ने क्रममा विभिन्न चरणमा सरकारी तथा गैर सरकारी निकायका प्रमुखहरु, वृद्धिजिवी वर्ग, पूर्व जनप्रतिनिधीज्यूहरु, संचारकर्मी तथा राजनैतिक दलका प्रतिनिधिहरुसँग छलफल तथा अन्तरक्रियाका माध्यमवाट प्राप्त राय सुझावहरुलाई समेटने प्रयास गरीएको छ, जसले गर्दा नीति तथा कार्यक्रम कार्यान्वयनमा सहजता आउने अपेक्षा गरिएको छ ।

नगर विकास योजना तर्जुमा गर्दा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७४, लगायत विभिन्न नीति नियमको आधार, राज्यले अंगीकार गरेका समावेशी सिद्धान्त लगायतलाई ध्यानमा राखी वडा समितिवाट छनौट भएका र योजना छनौट प्रक्रिया पुरा गरी आएका योजनाहरुलाई विभिन्न समिति हुँदै कार्यपालिकामा छलफल पश्चात सिफारिस भएका योजनाहरुलाई नगरसभामा पेश गरिनेछ ।

नगरको सवै क्षेत्रमा समान रुपले स्रोतको उपयोग होस भन्ने उद्धेश्यका साथ प्रत्येक वडामा जनसंख्या, भुगोल र र आयश्रोतका आधारमा वजेट विनियोजन प्रस्ताव गरीएको छ ।

विभिन्न क्षेत्र, समुदाय, व्यक्तित्व लगायत नगर कार्यपालिकाका सदस्यज्यूहरुसँगको छलफल, सुझाव र नीतिगत तथा कानुनी व्यवस्थाका आधारमा वार्षिक नीति तथा कार्यक्रम पेश गरीएको व्यहोरा स्मरण गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आ.व. ०७४/०७५ को आर्थिक अवस्थाको वारेमा प्रकास पार्न चाहान्छु ।

- चालु आ.व.मा संघ सरकारबाट वित्तीय समानीकरण तर्फ ३१ करोड ३८ लाख ८३ हजार अनुदान प्राप्त भएको ।
- सशर्त अनुदान तर्फ (शिक्षा, स्वास्थ्य, कृषि तर्फ १५ करोड ७० लाख, ७७ हजार अनुदान प्राप्त भएकोछ।
- विशेष अनुदानतर्फ (सामाजिक सुरक्षा, सडक बोर्ड , नगरविकास कोष, एल.जि.सि.डि.पि., सीमा क्षेत्र विकास लगायतका कार्यक्रम) रु. १३ करोड ३७ लाख ४२ हजार अनुदान प्राप्त भएको छ ।
- प्रदेश सरकारको गठन ढिला भएकोले आ.व.२०७४/७५मा कुनै पनि अनुदान प्राप्त नभएको ।
- नगरपालिकाले आफ्नो आन्तरीक श्रोतबाट ३ करोड ५० लाख संकलन गर्ने लक्ष्य लिएकोमा हालसम्म २ करोड ७६लाख ४५ हजार ३ सय २२ रुपैया पैसा ८६ संकलन भएको छ ।
- राजस्व बाँडफाँड ( रजिष्ट्रेसन दस्तुर) रु. १ करोड अनुमान गरिएको थियो भने आ.व. २०७३/७४बाट मौजदात अल्या भै २ करोड २१ लाख ९६ हजार २ सय २ रुपैया प्राप्त भएको थियो ।

उपरोक्त बजेटहरुमध्ये २०७५ साल असार ०७ गतेसम्मको वित्तिय प्रगती अवस्था हेर्दा चालु तर्फ ७० प्रतिशत र पूजिँगत तर्फ ३९ प्रतिशत भएको र धेरै कामहरु सम्पन्न भै भुक्तानी हुने क्रम जारी रहेकाले वास्तविक अवस्था असार मसान्तसम्म अवगत हुने नै छ ।

**आदरणिय सभाध्यक्षज्यू ,**

त्यसैगरी अव म आगामी आ.व. २०७५/७६ का लागि यस टीकापुर नगरपालिकाको प्रस्तावित वजेटको अवस्थाको जानकारी गराउन चाहन्छु ।

- आगामी वर्षका संघ सरकारबाट समानीकरण अनुदान तर्फ रु. १८ करोड ७४ लाख , राजस्व बाँडफाँडमा ११ करोड ४४ लाख ७८ हजार र शर्शत अनुदानतर्फ २० करोड ८५ लाख बजेट सिमा प्राप्त भएको छ ।
- प्रदेश सरकारबाट समानीकरण अनुदानतर्फ ८५ लाख ११ हजार र राजस्व बाँडफाँडबाट १ करोड ३४ लाख ४६ हजार बजेट सिमा प्राप्त भएको छ ।
- नगरपालिकाले आफ्नो आन्तरीक श्रोतबाट ३ करोड ६० लाख संकलन हुने अनुमान गरिएको छ।
- त्यसैगरी केन्द्र र सरकारबाट यस सीमा पछि पनि विशेष र समपुरक अनुदान मार्फत सामाजिक सुरक्षा लगायतका थप अनुदानहरु प्राप्त हुनेनै छन ।

**आदरणिय सभाध्यक्षज्यू तथा सदस्यज्यूहरु,**
**आगामी आ.व.को वार्षिक नीति कार्यक्रम तयार गर्दा निम्न आधारहरु लिईएको छ ।**

*बार्षिक नीति, कार्यक्रम तयार गर्दा लिईएका आधारहरु :*

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघिय सरकारले अंगिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्रथमिकताहरु,
- संघिय सरकार तथा प्रदेश सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४का विभिन्न प्रावधानहरु,
- नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- राजनीतिक दलका प्रतिनिधीहरु लगायतका सरोकारवालाहरुबाट प्राप्त राय /सुझाबहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त योजना तथा सुझाबहरु,
- विगत बर्षहरुमा सम्पन्न भएका नगर परिषदका बैठकहरुबाट भएका निर्णयहरु,
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- वजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४,का विभिन्न प्रावधानहरु,
- राजश्व परामर्श समिति, वजेट सिमा निर्धारण तथा स्रोत अनुमान समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझावहरु,
- सार्वजनिक सुनुवाई प्रतिबेदन, लेखा परीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रममा प्राप्त सुझावहरु

आदरणिय सभाका अध्यक्षज्यू, सदस्यज्यूहरु ,

अव म आर्थिक वर्ष २०७५/७६ का लागि लिईने मुख्य नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

मुख्य नीतिहरु

- नगरको पहिचानका रुपमा रहेका र नगरको समग्र विकाससँग जोडिएका नगर गौरवका आयोजनाहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- नगरपालिकाको आफ्नो स्रोतले मात्र सम्पन्न हुन नसक्ने प्राथमिकता प्राप्त आयोजनाहरुको संचालनका लागि संघ सरकार, प्रदेश सरकार र दातृ निकायहरुसँग साझेदारी गर्नका लागि समपूरक कोषमा आवश्यक बजेट विनियोजन गरिनेछ ।
- आयोजनाहरुको मर्मत संभारलाई प्रभावकारी बनाउनका लागि पूर्वाधारका **सबै योजनामा विनियोजित रकमको ३% रकम** अग्रिम रुपमा कट्टा गरी मर्मत संभार कोषको स्थापना गरिनेछ र मर्मत संभारको कार्यविधी तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- यस क्षेत्रमा समय समयमा हुने प्रकोप र विपद जन्य घटनाहरुमा यथोचित राहत प्रदान गर्नका लागि **पूँजीगत बजेटको ३% रकम** अग्रिम रुपमा कट्टा गरी विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ र राहत वितरणको व्यवस्थित मापदण्ड तयार गरी कार्यान्वयन ल्याईनेछ ।
- विकासमा आम जनताको सहभागिता सुनिश्चित गर्नका लागि ५०% भन्दा बढी लागत सहभागितामा आयोजना संचालन गर्न प्राथमिकता दिई सोका लागि साझेदारी रकम विनियोजन गरिने छ ।
- नगरपालिकाबाट सञ्चालन भै सम्पन्न हुन नसकेका अधुरा योजनाहरु सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।
- विकासलाई प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि टुक्रे योजना छनौट हुने प्रबृत्तिको अन्त्य गर्दै पूर्वाधार तर्फका योजना रु. ५ लाख भन्दा साना नहुने गरी बजेट विनियोजन गरिने छ र रु. १० लाख भन्दा बढीको पूर्वाधारका योजनाहरु ठेक्का मार्फत कार्यान्वयन गरिनेछ र यसरी ठेक्का मार्फत कार्यसञ्चालन गर्दा बोलपत्र खोल्ने र मूल्यांकन गर्ने प्रक्रियामा सम्वन्धित वडा समितिले तोकी पठाएको १जना प्रतिनिधिलाई सहभागी गराईनेछ ।
- सूत्रमा आधारित वडागत शिलिङ्ग निर्धारणका लागि भूगोल र जनसंख्याको आधारलाई ४०%-४०% भार र राजश्व संकलनको आधारलाई २०% भार दिई वडागत शिलिङ्ग प्रदान गरिने छ र क्षेत्रगत शिलिङ्गलाई पूर्वाधार विकास तर्फ ६०%, आर्थिक विकास तर्फ १५%, सामाजिक विकास तर्फ १५%, वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ ७% र सुशासन तथा संस्थागत क्षमता विकास तर्फ ३% बजेट विनियोजन गर्ने नीति लिइएको छ । साथै वडाहरुलाई प्रदान गरिने सिलिङ्गलाई वडाहरुको पूर्वाधार विकासको अवस्था समेतलाई मध्येनजर गरी थप वजेट उपलव्ध गराईनेछ ।
- पूर्वाधार विकासको क्षेत्र बाहेकका अन्य लक्षित कार्यक्रम, क्षमता विकास कार्यक्रम एवं अन्य प्रर्वर्द्धनात्मक कार्यक्रमहरुको प्रभावकारिता वृद्धिका लागि सबै वडाहरुमा एकरुपता आउने गरी कार्यान्वयन गरिनेछ ।
- टीकापुर पार्कलाई यस क्षेत्रको प्रमुख पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न पार्कको गुरुयोजना निर्माण, पार्कको गेट र घेरा पर्खाल निर्माणमा प्राथमिकता दिईनेछ र सो पार्कलाई लिजमा दिने सम्बन्धमा संभाव्यता अध्ययन गरिने छ ।
- टीकापुर क्षेत्रका स्थायी बासिन्दा रही शिक्षा, खेलकुद, कला, संगीत, साहित्य, पत्रकारिता, खोज अनुसन्धान लगायतका विभिन्न विधा र विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ख्याती र प्रतिष्ठा कमाई टीकापुरको चिनारी बढाउन योगदान दिने व्यक्तित्वहरुलाई प्रोत्साहन र सम्मान गरिने छ ।

- दिनानुदिन बढ्दै गईरहेको सामुदायिक पशु चौपायाहरुको समस्याको दीर्घकालिन समाधानका लागि अध्ययन गरी अध्ययन प्रतिवेदनका आधारमा प्रक्रिया अगाडी बढाईनेछ ।
- पर्यटन विकास र प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना बनाई मुख्य मुख्य पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन र प्रचार प्रसार गरिने छ ।
- टीकापुर बजारको मुख्य मुख्य क्षेत्र, चोक, लगायतका स्थानमा सि.सि.क्यामेरा जडान गरिनेछ र मुख्य मुख्य सडकहरुमा सडकबत्ती जडान गरिनेछ ।
- व्यवस्थित भू-उपयोगका लागि अध्ययन गरी उपयुक्त भू-उपयोग नीति ल्याइने छ ।
- यस क्षेत्रमा रहेका मसानघाटहरुको स्तरवृद्धि र व्यवस्थापनलाई विशेष प्राथमिकता सहित कार्यक्रम र बजेट ल्याईने छ ।
- टीकापुर न.पा.को समग्र विकासका लागि चक्रपथ निर्माणको विस्तृत परियोजना प्रतिवेदन (**DPR)** बनाई निर्माण कार्य थालनी गरिनेछ ।
- जनताको गुनासाहरुको यथोचित सम्बोधन गरी नगर सरकार र जनताबीच आपसी विश्वास, समन्वय र सम्बन्ध बढाउन जनतासँग नगरप्रमुख कार्यक्रम संचालन गरिनेछ ।
- यस क्षेत्रमा रहेका मुक्तकमैया र सुकुम्वासीहरुको जिवनस्तरमा सुधार र व्यवस्थित बसोबासका लागि कार्यविधिको आधारमा नगरस्तरीय जनता आवास कार्यक्रमको सुरुवात गरिने छ ।
- टीकापुरको अस्पतालको सेवालाई गुणस्तरीय बनाई विशेषज्ञ सेवा सहित आई.सी.यु.सेवा, सर्पदंश उपचार सेवा र सिकलसेल रोग परीक्षण तथा उपचार सेवा लगायतका लागि बजेट, कार्यक्रम सहित पहल गरिने छ
- यस क्षेत्रको शैक्षिक विकास तथा गुणस्तर सुधार गरी शैक्षिक नगरीका रुपमा विकास गर्न क्रमशः सबै वडाहरुमा रहेका सामुदायिक विद्यालयहरु मध्ये **“एक वडा एक नमूना सामुदायिक विद्यालय”** कार्यक्रम क्रमशः लागु गरिनेछ ।
- सोसाइटी टीकापुरसँग  संझौता गरी निःशुल्क रक्त संचार सेवा उपलब्ध गराईने छ ।
- पूर्ण संस्थागत सुत्केरी **(Zero Home Delivery)** न.पा. घोषणा अभियान विस्तार गरी शहरी स्वास्थ्य केन्द्रहरुमा थप बर्थिङ्ग सेण्टर सञ्चालन गरिनेछ ।

**आदरणिय सभाका अध्यक्षज्यू,**

**अव म आर्थिक वर्ष २०७५/७६ का लागि लिईने अन्य विषय क्षेत्रगत नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।**

## क.आर्थिक विकास  सम्वन्धी नीति

### पर्यटन सम्वन्धी नीति

- संभावित समुदाय र वस्तीमा होमस्टे क्षेत्रको अध्ययन गरी संचालनका लागि प्रोत्साहन गरिनेछ ।
- पर्यटनको प्रवर्द्धन र विकासको लागि यस क्षेत्रका प्रमुख पर्यटकीय स्थलहरु टीकापुर पार्क, डल्फिन क्षेत्र, ओजुवा ताल, वि.पि. निकुञ्ज मिनि पार्क, पद्म प्रकाशेश्वर शिव मन्दिर लगायतको संरक्षण, प्रवर्द्धन, विकास र प्रचार प्रसार गरिनेछ र टीकापुर न.पा.मा पर्यटन सूचना केन्द्र स्थापना तथा संचालनका लागि विशेष पहल गरिनेछ ।

- पर्यटन विकासको लागि आवश्यक जनशक्ति (कुक, वेटर, वेकर, वारटेन्डर, टुरिष्ट गाइड आदि) तयार गर्न तालिमको व्यवस्था गरीनेछ ।
- कर्णाली रिभर कोरिडर निर्माण गर्न तथा कर्णाली नदीमा राफ्टीङ्ग संचालन गर्न पहल गरिनेछ ।

## उद्योग, वाणीज्य तथा आयआर्जन र रोजगारी सम्वन्धी नीति

- दलित, जनजाती, आदिवासी समुदायहरुको परम्परागत पेशाहरुको स्तरोन्नती गर्दै नयाँ प्रविधि हस्तान्तरण गरी आधुनिकीकरण गरिनेछ ।
- नागरिकहरुको आयआर्जन र रोजगारी वृद्विका लागि लागत साझेदारी हुने गरी मागमा आधारित सीपमूलक तालिम, उत्पादन प्रर्वद्धन, क्षमता विकास र प्रविधि हस्तान्तरण गरिनेछ ।
- उद्योग वाणिज्य क्षेत्रको विकासका लागि लघु तथा घरेलु उद्योगको सञ्चालनमा प्रोत्साहन र कच्चा पदार्थ को उत्पादनमा जोड दिईने छ ।
- गरिवी निवारणका लागि भुमिहिनहरुलाई विशेष जोड दिई आय आर्जनका कार्यक्रम लागु गरिनेछ ।

## सहकारी सम्वन्धी नीति

- सहकारी क्षेत्रको विकास प्रवर्द्धनका लागि तालिम, क्षमता विकास, नियमन तथा अनुगमनमा जोड दिई प्रत्येक वडामा कम्तीमा १ वटा नमूना सहकारी विकासमा जोड दिईने छ ।
- स्थानीयमैत्री तथा उत्पादनशील सहकारी संस्था तथा सदस्यहरुको सीप विकास तथा क्षमता विकासका लागि र सहकारी क्षेत्रको प्रर्वधनका लागि आवश्यक कार्यक्रमहरु क्रमशः लागु गर्ने नीति लिइनेछ ।

## बजेट तथा स्रोत परिचालन सम्वन्धी नीति

- आम्दानीको महत्वपूर्ण स्रोतको रुपमा रहेको आन्तरिक स्रोत (कर) को क्षेत्र, दायरा र प्रशासनलाई क्रमशः फराकिलो पार्दै वडागत रुपमा संकलन हुने राजश्वलाई व्यवस्थित र वैज्ञानिक बनाउने नीति लगिनेछ, साथै थप आयआर्जन हुने क्षेत्र तथा स्रोतको पहिचान गरी व्यवस्थित गर्दै लगिनेछ ।
- कार्यालयको लेखा महालेखा परिक्षकको कार्यालयले तोकेको ढाँचामा व्यवस्थित, वैज्ञानिक र प्रणालीबद्ध रुपमा सञ्चालन गरी वित्तीय अनुशासन सहितको पारदर्शिता र वित्तिय जवाफदेहिताको नीति अवलम्बन गरिने छ ।
- केन्द्र,वडा तथा विषयगत शाखाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको सञ्चालन, व्यवस्थापन र भुक्तानी प्रणालीमा एकरुपता ल्याउन कार्य सञ्चालन निर्देशिका तयार गरी लागु गरिनेछ

## कृषि सम्वन्धी नीति

- कृषि क्षेत्रको विकास र प्रवर्द्धनका लागि कृषि प्रणालीमा आधुनिकीकरण ल्याउनुको साथै फलफूल खेतीलाई प्रोत्साहन गरिनेछ ।
- कृषि उत्पादनमा वृद्धि गरी नगर क्षेत्रका संभावित स्थानहरुमा हाटबजार, कृषि उपज केन्द्र स्थापना र बाह्य बजारको प्रवर्द्धन गरिनेछ ।

- ❖ कृषि उत्पादन अभिवृद्धि एवम् वजार प्रवर्द्धधनका लागि टेवा पुऱ्याउने, प्राङ्गारिक खेतीलाई प्रवद्धन गर्ने, स्थानीय जडिबुटी प्रयोगमा ल्याइ चेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिने छन् ।
- ❖ स्थानीय स्तरमा रोजगारी अभिवृद्धि गर्न मसौमी वेमौसमी तरकारी खेती, केरा खेती, फलफुल खेती, खाद्यान्न वाली, गोब्रे च्याउ खेती, कन्ये च्याउ खेती, माछापालन जस्ता व्यवसायिक कृषि कार्यक्रम सञ्चालनलाई प्रोत्साहन गरिनुका साथै कृषि विमा कार्यक्रम र माटो परीक्षण कार्यक्रमहरुलाई आगामी आ.व.मा पनि निरन्तरता दिदै माटो सुधारका लागि हरियो मल कार्यक्रम ल्याउने र प्रबर्धन गरिनेछ ।
- ❖ कृषिका कार्यक्रमहरु कृषक समूह वा सहकारी मार्फत कृषकको माझमा लैजाने, महिला कृषक समूहहरुलाई बढी सक्रिय बनाउने र वीउ विजन उत्पादनको कार्यक्रम ल्याई विउ विजन आपूर्ति गरिनेछ
- ❖ कृषिमा आधुनिकिकरण ल्याउन एक वडा एक उत्पादनको अवधारणा, वाली विकास कार्यक्रम विकासका साथै साना सिचाइ तथा अन्य मेसनरी औजार प्रयोगमा ल्याउन कार्यक्रम सञ्चालन गरिनेछ।
- ❖ अर्गानिक खेती तथा व्यवसायिक खेती गर्ने किसानहरुलाई प्रोत्साहित गरिनुका साथै उत्कृष्ट कृषक/समूह/सहकारी कृषकहरुलाई पुरुष्कारको व्यवस्था गर्ने नीति लिइनेछ ।

### पशु पंक्षी विकास सम्वन्धी नीति

- ❖ उत्पादकत्व वृद्धि गर्न पशुहरुमा नश्ल सुधार, पशु स्वास्थ्य सेवा, पशुपंक्षी रोग नियन्त्रण तथा उपचार सेवालाई सञ्चालन तथा प्रबर्द्धधन गरिनेछ ।
- ❖ पशुहरुका लागि खोप केन्द्र स्थापना, पशु हाटबजार, पशुपंक्षी बधशाला, कृत्रिम गर्भाधान केन्द्र स्थापना, पशु विमा कार्यक्रमलाई प्रोत्साहन  गर्दै लक्षित समूह पहिचान गरी पशुपंक्षी सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ
- ❖ नीतिगत रुपमा पशुपंक्षी फर्म दर्ता, समूह समिति दर्ता, अद्यावधिक तथा सञ्चालन गरी पशु विकास कार्यलाई थप सशक्त गर्दै लगिनेछ ।
- ❖ व्यवसायिक पशुपंक्षी पालनलाई प्रर्वद्धन गर्न पशुपंक्षी फर्महरुलाई उत्पादनका आधारमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ख.सामाजिक  विकास सम्वन्धी नीति

### शिक्षा तथा खेलकुद विकास सम्बन्धी  नीति

- ❖ क्षिक्षा सम्बन्धी नीति तथा कानुन बनाई सेवा पुर्‍याउनु पर्ने क्षेत्र , गुणस्तर , कार्य सम्पादन  र विद्यार्थी संख्याका आधारमा विद्यालयको तह समायोजन , विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- ❖ गुणस्तरीय सार्वजनिक शिक्षाको सुनिश्चताका लागि प्रविधि मैत्री  विद्यालय वातावरण निर्माण गर्न हरेक विद्यालयमा विज्ञान प्रयोगशाला , कम्प्युटर प्रयोशाला र इन्टरनेट बिस्तार  गरिनेछ ।
- ❖ सुरक्षित र बालमैत्री वातावरणका  लागि हरेक सामुदायिक विद्यालयमा छापामय कक्षाकोठा निर्माण, कक्षा कोठामा प्रविधिको प्रयोग ,  पर्खाल , खानेपानी , शौचालय , खेल मैदान , बगैचा  निर्माण गरिनेछ ।
- ❖ आधारभूत शिक्षा अनिवार्य र निःशुल्क  भएको बर्तमान अवस्थामा विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी यस आ.व. मा नै विद्यालयमा ल्याइनेछ ।
- ❖ न्यून आय , मुक्त कमैया , दलित तथा पिछडिएको समुदायमा  सञ्चालित विद्यार्थीको स्वास्थ्य तथा विद्यालय नियमिततामा सुधार ल्याउन दिवा  खाजाको व्यवस्था गरिनेछ ।

- ३ देखि ४ वर्षका बाल बालिकालाई प्ले ग्रुप र ४ देखी ५ वर्षका बालबालिकालाई किन्डरगार्टेन कक्षाको माध्यमबाट बालविकासकेन्द्रको सबलीकरण गरिनेछ ।
- स्वस्थ जीवनका लागि खेलकुद लाई मुख्य रूपमा अगाडी बढाई वडा स्तर, विद्यालय स्तर र नगर स्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ । साथै यस किसिमका प्रतियोगिता सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।
- विभिन्न तालिम , शैक्षिक मेला , प्रदर्शनी , अवलोकन भ्रमण आदिका माध्यमबाट शैक्षिक गुणस्तरलाई थप सुदृढ बनाइनेछ
- प्राविधिक जनशक्ति उत्पादन र शिक्षालाई जीवन निर्वाह सँग जोड्न प्राविधिक शिक्षालयको स्थापना र मौजुदा कर्णाली माध्यमिक विद्यालय प्राविधिक शिक्षालयलाई नमुनाका शिक्षालयका रूपमा विस्तार गरिनेछ ।
- खेलकुद विकासमा जोड दिनलाई बाल क्लव र युवा क्लवलाई प्रोत्साहन गरिनेछ र खेलकुद प्रवर्द्धन र विकासका लागि खेलकुद प्रशिक्षकहरुको व्यवस्था मिलाईनेछ ।

<u>स्वास्थ्य सम्वन्धी नीति</u>

- नगर क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाको क्षमता विकास गरी गुणस्तरीय स्वास्थ्य सेवामा जोड दिईने छ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरिय बनाउदै लगिनेछ ।
- सबै नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुंचमा ल्याउन क्रमशः बाकी रहेका २ वटा वडामा पूर्ण दरबन्दी सहित शहरी स्वास्थ्य केन्द्रहरु स्थापना गरिनेछ ।
- आधारभुत स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रमको व्यापक प्रचारप्रसार गरी जनताको घरदैलोसम्म सेवा पुर्याईनेछ ।
- पूर्ण खोपयुक्त नगर सुनिश्चिततालाई दिगोपना दिन आगामी वर्ष देखि नया खोप **( ROTA)** रोटा खोप संचालनमा ल्याईनेछ ।
- पूर्ण सरसफाई अभियान विस्तार गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- "म स्वस्थ्य, मेरो नगर स्वस्थ्य" अभियान संचालन गरिनेछ ।
- **स्वस्थ्य टीकापुर, समृद्ध टीकापुर** बनाउन विभिन्न अभियानहरु संचालन गरिनेछ ।
- ध्यान र योगको माध्यमबाट स्वस्थ्य शरीर, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न योग आश्रमलाई आरोग्य केन्द्रको रुपमा विकास र विस्तार गरी विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडी परेका महिला बालबालिका, दलित, जेष्ठ नागरिकहरुको स्वास्थ्य स्थिति सुधारमा जोड दिईनेछ ।
- कुपोषणमुक्त नगरपालिका घोषणा अभियान कार्यक्रम क्रमशः संचालन गरिदै लगिनेछ ।
- महिला स्वास्थ्य स्वंयसेवकहरुलाई प्रोत्साहन दिन विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ र मासिक प्रतिवेदन बुझाउन आउंदा यातायात खर्चलाई निरन्तरता दिईनेछ ।
- म.स्वा.स्व.से.हरुलाई दीर्घकालीन सेवाका लागि सम्मानजनक विदाई गर्न बिशेष योजना ल्याई लागु गरिनेछ
- आर्थिक स्थिति कमजोर भएका एच.आई.भी. संक्रमितहरुलाई स्वास्थ्य सेवा सुलभताका लागि स्वास्थ्य बीमा गरी दिने व्यवस्था मिलाईनेछ ।
- नसर्ने रोग अभियान सम्बन्धि विद्यालय स्वास्थ्यशिक्षा कार्यक्रमहरु संचालन गरिनेछ ।
- महामारी रोग नियन्त्रण र निवारण कार्यलाई प्रभावकारी बनाउन तालिम प्राप्त Rapid Response Team (द्रुत टोली) परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

- टीकापुर अस्पतालमा लैंगिक हिंसा र एकद्धार संकट निवारण व्यवस्थापन केन्द्र स्थापना गर्न पहल गरिनेछ
- एककिृत शिघ्र कूपोषण व्यवस्थापन कार्यक्रम अन्तर्गत टीकापुर अस्पतालमा गत आ.व. देखि संचालनमा आएको बहिरंग उपचार केन्द्र (OTC) र अन्तरंग उपचार केन्द्र (ITC) सेवा व्यवस्थित तथा प्रभावकारी बनाईनेछ ।
- टीकापुर नगरमा कुष्ठरोग निवारण गर्न अभियान संचालन गरिनेछ ।
- हात्तीपाईले रोग निवारण अभियानलाई निरन्तरता दिईनेछ ।
- १५ शैया सम्मको अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, औषधि पसल सञ्चालन अनुमति प्रदान गर्न कार्यविधि बनाई नियमित अनुगमन र सुपरिवेक्षण गरिनेछ ।
- लागु पदार्थ दुर्व्सनी लगायत विभिन्न कुलतबाट किशोरकिशोरीहरुलाई बचाउन विद्यालयमा साथी शिक्षा कार्यक्रम तथा स्वास्थ्य संस्थाहरुलाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था बनाईनेछ ।
- बहुक्षेत्रीय पोषण योजना कार्यक्रम संचालन गरी पोषण तथा खाद्य सुरक्षाबारे विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- कडा रोग लागेका विपन्न नागरिकहरुलाई निःशुल्क औषधि उपचारका लागि आवश्यक पहल गरिनेछ ।
- आमा सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित बनाउदै लगिनेछ । नगर स्तरिय सुरक्षित मातृत्व आकस्मिक कोषको स्थापना गरिनेछ ।
- यस क्षेत्रमा बढ्दै गएको लागु औषध दुर्व्यसन नियन्त्रण र न्युनीकरण गर्न विभिन्न प्रवर्द्धनात्मक एवं नियन्त्रणमूलक क्रियाकलापहरु संचालन गरिने छ ।
- पानीजन्य प्रदुषण र फोहरका कारण फैलिने महामारी रोग आदिको नियन्त्रण गर्न र सरसफाई प्रवर्द्धनका लागि कार्यक्रम संचालन गरिने छ ।

## आयुर्वेद स्वास्थ्य सम्बन्धी नीति

- आयुर्वेद शिक्षालाई तालिम र प्रशिक्षणका माध्यमबाट विद्यालय स्तरमा प्रसारण गरिनेछ ।
- आयुर्वेद र योग शिविर मार्फत नागरिकको स्वास्थ्य स्थितिमा सुधार ल्याइनेछ ।
- आयुर्वेद उपचार पद्धतिलाई नागरिक स्तरसम्म विस्तार गरिनेछ ।
- आयुर्वेदिक औषधिको अनुसन्धान तथा विकास गरिनेछ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी नीति

- महिलाहरुको सशक्तिकरण र क्षमता विकासका लागि मागमा आधारित विभिन्न तालिम सीप, विकास र प्रविधि हस्तान्तरण गरिने छ ।
- बालबालिकाहरुको सर्वाङगीण विकासका लागि जोड दिईनेछ ।
- छाउपडी, बोक्सी, बालविवाह, जातीय विभेद, छुवाछुत, दाइजो, हिंसा जस्ता कुप्रथा विरुद्ध जनचेतना अभियान कार्यक्रम संचालन गरिने छ ।
- जेष्ठ नागरिकहरुका लागि अनुभव आदान प्रदान तथा ७५ वर्ष पुगेका महिला र ८० वर्ष पुगेका पुरुष जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम गरिने छ ।
- बाल अधिकार सुनिश्चित र बालमैत्री शासनका लागि पहल गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि सीपमूलक तालिम, सहयोगी सामग्री वितरण, क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

- आदिवासी जनजाती, लोपउन्मुखहरुका लागि सीप, ज्ञान, क्षमता विकास कार्यक्रम संचालन गरिने छ।
- महिला, दलित, जनजाती, आदिवासी, अल्पसंख्यक, लोपउन्मुख युवा विद्यार्थीहरुलाई निःशुल्क रुपमा लोकसेवा तयारी कक्षा, बैकिंग तयारी कक्षा संचालन गरिने छ।
- महिला,बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति,विपन्न लोपोन्मुख र सीमानतकृत समुदायलाई सामाजिक संरक्षण गरिनेछ ।
- कानुन कार्यान्वयनको प्रभावकारिता बढाई मानब ओसार पसार र बेचविखन तथा महिला विरुद्ध हुने सवै प्रकारका हिंसा जन्य कार्यहरुलाई निर्मुल गरिनेछ ।
- महिला हिंसाको प्रमुख कारणको रुपमा रहेका अशिक्षा, अभाव, अन्धविश्वास र पछौटेपन हटाउन विशेष अभियान संचालन गरिनेछ ।
- लक्षित वर्गहरूको वडा स्तरीय र नगर स्तरीय समितिहरू गठन गरिनेछ ।
- सहिद परिवार द्वन्द पिडित परिवारका आर्थिक विकासका लागि आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- विभिन्न धर्म, संस्कार र संस्कृतिको विकासको लागि समुदायमा धार्मिक संस्थासँगको समन्वयलाई जोड दिईने छ।
- सामाजिकरुपमा पछाडि परेका दलित, अल्पसंख्यक, लोपोन्मुख, महिला, जनजातीहरुको उत्कृष्ट बालबालिकाहरुलाई कला, संस्कृति, साहित्य, खेलकुद, स्वास्थ्य शिक्षाका कार्यक्रमहरु संचालन गरिनेछ।
- स्थानीय भाषा, संस्कृति, कला आदिको संरक्षण र प्रवर्द्धन गरिनेछ।

## गैरसरकारी संघसंस्था सम्वन्धी नीति

- यस न.पा.क्षेत्रमा क्रियाशिल विकास साझेदार संघ संस्थासँग सहकार्यमा निरन्तरता दिईने छ।
- टीकापुर क्षेत्रमा काम गर्न चाहने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.स.हरुको प्रभावकारी नियमन गरी नगरपालिकाको पूर्व स्वीकृतिमा न.पा.को प्राथमिकता क्षेत्रमा मात्र परिचालन गरिने छ।

## ग. भौतिक पूर्वाधार विकास सम्वन्धी नीति

- नगरपालिकाका मुख्य मुख्य योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) बनाइने छ।
- सिंचाई कुलोहरु मर्मतको साथै साना सिंचाई कार्यक्रम संचालन गरिने छ।
- वन लगायतका संरचनाहरु निर्माण गर्दा न्यूनतम शहरी पूर्वाधार मापदण्ड र भवन सहिंताको पालना गरिने गराइने छ।
- उपभोक्ता समितिको क्षमता विकासमा जोड दिईने छ।
- योजना कार्यक्रमहरुको निरन्तर अनुगमन र मूल्यांकनमा जोड दिईनेछ।
- विकासमा सार्वजनिक निजी साझेदारी (PPP) लाई अवलम्बन गरिने छ।
- शहरी क्षेत्रमा सडक निर्माण गर्दा दाँया बाँया क्रमशः पक्की नाली सहितको कालोपत्रे सडक निर्माण गरिनेछ
- नेपाल सरकारले शशर्त अनुदानमा तोकेको शर्त बाहेक आ.व.२०७५/०७६ मा सम्झौता भई कार्यान्वयन हुने योजनाहरुमा ग्राभेल, माटो फिलिङ्ग जस्ता कार्यमा ८०:२० र अन्य पूर्वाधारका योजनाहरुको निर्माणमा ८५ : १५ को अनुपातमा जनसहभागिता गराउने नीति लिइनेछ।

- नगरपालिकाका योजनाहरु कार्यान्वयन र योजना सम्झौता तथा योजना फरफारक गर्दा योजना संचालन हुनु पूर्वको अवस्था, कार्यान्वयन भैरहेको अवस्था र योजना सम्पन्न भै सकेपछिको अवस्थाको फोटो अनिवार्य रुपमा संलग्न गर्ने नीति अवलम्बन गरिनेछ।
- आगामी आ.व.का कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम निर्धारित समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गरिनेछ।
- नगरपालिकाका आफनै वडा कार्यालयको नाममा जग्गा भएका वडा कार्यालयको भवन क्रमशः निर्माण गर्ने कार्य योजना बनाईनेछ साथै जग्गा नभएका वडा कार्यालहरुलाई जग्गा प्राप्ती गर्न पहल गरिनेछ।
- एकिकृत शहरी विकास योजना (**IUDP**) लागू गर्नको लागि संघिय र प्रदेश सरकार समक्ष पहल गरिनेछ
- नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गा, ओपन स्पेस, खेल मैदान र सडकहरुको अतिक्रमण गर्ने कार्यलाई रोक्न प्रभावकारी योजना बनाई यसको संरक्षण तथा विकासमा जोड दिईनेछ।
- मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गराउनको लागि पार्किङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ।
- टीकापुर नगरलाई स्मार्ट सिटीका रुपमा विकास गर्न पहल गरिनेछ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका बसपार्कहरुको यथोचित व्यवस्थापनका लागि न.पा.को आफनै स्रोत तथा दातृ निकायको खोजी गरी उचित व्यवस्थापन, संरक्षण तथा विकास गरिनेछ।
- अव्यवस्थित बसोवासलाई नियन्त्रण र व्यवस्थापन गर्नका लागि अध्ययन गरिनेछ।
- सडक क्षेत्रको व्यवस्थित किासका लागि नगरपालिकाको यातायात गुरुयोजना (MTMP) तयार गरी लागु गरिनेछ र प्राथमिकता प्राप्त सब सडकको रेखाङ्कन र लगत कट्टाको कार्य प्राथमिकताको साथ संचालन गरिनेछ।
- लम्की-टीकापुर-खकौला सडकलाई चार लेनको सडक निर्माण गर्न संघीय सरकार समक्ष पहल गरिनेछ
- बर्दिया जोडने सनकटी घाट, दौलतपुर, भर्तापुर र बाणी पथरैया स्थित जमरा नदीमा पक्की पुल निर्माण र कालोपत्रे गर्न संघिय सरकार, प्रदेश सरकार र अन्य दातृ निकाय समक्ष पहल गरिनेछ।
- खकौला भन्सारको स्तरोन्नतीका साथै क्वारेन्टाइनको पुर्नस्थापनाका लागि संघ र प्रदेश सरकार समक्ष पहल गरिनेछ।
- बाडी पीडीत क्षेत्रहरुमा उच्च घर बनाउने साथै अन्न भण्डारण भवन निर्माणका लागि विभिन्न दातृ निकायमा पहल गरिनेछ।
- सबै वडाका केन्द्र पुग्ने सडक, सेवा केन्द्र तथा शैक्षिक संस्था सम्म पुग्ने सडकहरुको स्तरोन्नती गरी सहज आवागमनको व्यवस्था मिलाईने छ।
- टीकापुर नगरपालिकाको आवधिक विकास योजना, गुरु योजना (Master Plan) तयार गरिने छ।

## घर नक्सा पास सम्वन्धी नीति

- हाल टीकापुर नगरपालिका वडा नं. ६, ७, ८ र ९ (साविकका नारायणपुर र धनसिंहपुर गाविस) मा नक्सा पास नभएका घरहरु सम्बन्धमा उपयुक्त नीति लिइनेछ।
- भवन निर्माण स्विकृति दिदा **"एक घर तिन विरुवा"** को नीति अवलम्वन गरिनेछ। त्यस्ता भवनलाई निर्माण सम्पन्न प्रमाण पत्र दिंदा सो व्यवस्थालाई अनिवार्य गरिनेछ।

## घ.वातावरण तथा विपद व्यवस्थापन  सम्वन्धी नीति

### वातावरण व्यवस्थापन सम्वन्धि नीति

- ❖ हरियाली प्रवर्द्धनका लागि सडक छेउ तथा ओपन स्पेसहरुमा व्यवस्थित रुपमा उपयुक्त रुख विरुवा लगाउने नीति लिईने छ ।
- ❖ वन वातावरण संरक्षणका लागि सामुदायिक वन समितिहरुसँग समन्वय र सहकार्य गरिने छ
- ❖ नगर क्षेत्र भित्रका खुला क्षेत्रलाई क्रमशः पार्कको रुपमा व्यवस्थित गरिनेछ ।
- ❖ भुमी व्यवस्थापन अन्तर्गत सुरक्षित वासस्थानका लागी अध्ययन गरिनेछ ।
- ❖ वन बिकास तथा विस्तारका लागी यस न.पा.क्षेत्र भित्रका सामुदायीक वन उपभोक्ता समितिहरुसँगको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ दातृ निकायसँगको साझेदारीमा जलवायू समानुकुलित विकासका योजनाहरु (**CRDP**) सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ वडा नं. ५ स्थित वंगलापार्क तथा वडा नं.६ स्थित विपी निकुन्जको स्तरोन्नतीका लागी कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ नगरको वातावरण सन्तुलन तथा सौन्दर्य वृद्धिका लागि एक वडा एक वगैचा कार्यक्रमको सुरुवात गरिनेछ।

### विपद् व्यवस्थापन सम्वन्धी नीति

- ❖ भूकम्प प्रतिरोधात्मक संरचना निर्माणका लागि चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ प्रकोप व्यवस्थापन गर्न नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने र रेडक्रस, सुरक्षा निकाय र अस्पतालसंग Rapid Rescue Team बनाई सहकार्य गर्ने नीति लिईनेछ ।
- ❖ आगलागि, भूकम्प, झाडापखाला, महामारी, चट्टयाङ, आदिको संभावना, जोखिम र यसको न्यूनिकरण तर्फ जनचेतना वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- ❖ विपद् व्यवस्थापन पुर्व तयारी, तथा प्रतिकार्य योजना वनाई लागु गरिनेछ ।
- ❖ यस क्षेत्रमा भईरहने बाढीजन्य प्रकोपको न्यूनीकरणका लागि सबै वडाहरुको पानी यथोचित निकासका लागि अध्ययन गरिनछ ।
- ❖ विपद् व्यवस्थापनका लागि स्रोत साधनको यथोचित व्यवस्था गर्दै लगिनेछ ।
- ❖ विपद व्यवस्थापनका लागि सरोकारवाला निकायहरुसँग नियमित समन्वय गर्ने र नगर स्तरीय र वडा स्तरीय विपद व्यवस्थापन समितिको क्षमता विकास गरी क्रियाशिल बनाईने छ ।

### फोहमैला व्यवस्थापन सम्वन्धी नीति

- ❖ नगरको अव्यवस्थित फोहोरमैला व्यवस्थापनलाई सुदृढ गर्दै लगिनेछ ।
- ❖ फोहरमैला व्यवस्थापनका लागि चेतनामूलक, प्रवर्द्धनात्मक क्रियाकलाप संचालन गरिनेछ र फोहरमैलाको दिर्घकालिन समाधानका लागि विशेष पहल गर्दै प्लाष्टिकको अत्यधिक प्रयोगलाई निरुत्साहित एवं न्यूनीकरणका लागि प्रयासहरु गरिनेछ ।
- ❖ शुद्ध खानेपानीको प्रयोगका लागि चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- ❖ फोहरमैला व्यवस्थापन गर्न निजी क्षेत्रसंगको साझेदारीमा सेग्रिगेसन सहितको सेनेटरी ल्याण्डफिल साईड निर्माण कार्यको अध्ययन गरी सञ्चालनमा ल्याइने छ ।
- ❖ डम्पिङ्ग साइड व्यवस्थापन तथा फोहर प्रसोधनमा आधुनिकीकरण गरिने छ ।

ङ <u>सुशासन तथा संस्थागत विकास सम्वन्धी नीति</u>

- ❖ नेपाल सरकारबाट कर्मचारी समायोजनको कार्य सकिए पश्चात नगरपालिकाको संगठन, संरचना, दरबन्दी निर्धारण र कार्य विवरण तयारीका लागि संगठन तथा व्यवस्थापन(**O&M**) सर्वे गरिने छ ।
- ❖ विगत लामो समयदेखि कार्यरत कर्मचारीहरुको वृत्ति विकासका लागि प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडि बढाइनेछ ।
- ❖ सुशासन कायम गर्न नागरिक वडा पत्र, उजुरी र गुनासो सुनुवाईलाई प्रभावकारी बनाईने छ ।
- ❖ कर्मचारी र जनप्रतिनिधीहरुको क्षमता विकासका लागि विभिन्न तालिम सञ्चालन, अवलोकन भ्रमण र अनुभव आदान प्रदान गरिनेछ ।
- ❖ सूचना प्रविधीको प्रयोग मार्फत सेवा प्रवाह र पारदर्शीता प्रवर्द्धन गरिनेछ ।
- ❖ प्रभावकारी सेवा प्रवाह, क्षमता विकास र संघीयताको प्रभावकारी कार्यान्वयनका लागि अन्तर निकाय समन्वयमा जोड दिईनेछ ।
- ❖ नगरपालिका केन्द्र र वडा स्तरमा मापदण्डका आधारमा संस्थागत पूर्वाधारको व्यवस्था मिलाईनेछ ।
- ❖ न.पा.बाट संचालित विभिन्न योजना कार्यक्रम र सेवा प्रवाहमा निरन्तर सुधार ल्याउन वडा स्तरमा अर्धवार्षिक र नगर स्तरमा अर्धवार्षिक र वार्षिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।
- ❖ नगरपालिकाका गतिविधिहरुको संगालोका रुपमा वार्षिक बुलेटिन प्रकाशन गरिनेछ ।
- ❖ वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न प्रचलित मापदण्ड र निर्देशिकाको पालना गरिने छ ।
- ❖ बेरुजु न्यूनीकरणका लागि आवश्यक प्रयास र लेखापरीक्षण प्रतिवेदनका सुझावहरुको पालना गरिनेछ ।
- ❖ सूचना प्रविधिको प्रवर्द्धन गर्दै वडा कार्यालय र नगर कार्यपीलकाको कार्यालय परिसरलाई **wi-fi free Zone** बनाईनेछ ।
- ❖ नगरपालिकाका विविध क्रियाकलाप संचालन, व्यवस्थापन र नियमन गर्नका लागि आवश्यक कानून, ऐन, नियम, कार्यविधी, निर्देशिकाहरुको तर्जुमा र कार्यान्वयन गरिने छ ।
- ❖ सार्वजनिक खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही नियमितता, प्रभावकारिता, कार्यदक्षता र औचित्य समेतको आधारमा गरिनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने योग्य लाभग्राहीहरुलाई प्रत्येक वडाको पायक पर्ने स्थानबाटै बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ ।
- ❖ बजेट कार्यक्रम स्वीकृत नगरी कुनै किसिमको दायित्व सिर्जना हुने गरी हुने खर्चहरु निरुत्साहित गरिनेछ ।
- ❖ संघीयताको सफल कार्यान्वयन र स्थानीय सरोकारको प्रभावकारिता वृद्धिका लागि जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकासमा जोड दिईनेछ ।
- ❖ स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारणको पहुँच बृद्धि गर्ने नीति लिईनेछ ।
- ❖ विभिन्न दिवश/समारोह /कार्यक्रमहरुका लागि आवश्यक रकम विनियोजन गरी व्यवस्थित रुपले सञ्चालन गरिनेछ ।

- सर्वसाधारण जनताको पहुँचमा वडा कार्यालयको सेवालाई प्रभावकारी बनाउदै कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति अवलम्वन गरिनेछ ।
- संविधान र कानूनद्वारा प्राप्त अधिकारको प्रयोग र कर्तब्य पालनाका लागि आवश्यक मानव स्रोतको वैज्ञानिक र तथ्यपरक विश्लेषण गरी संगठन संरचना र जनशक्ति ब्यवस्थापन गर्ने नीति लिईनेछ ।
- आर्थिक पारदर्शितामा थप बृद्धि गर्न सार्वजनिकीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
- पारदर्शिता, जवाफदेहिता र सुशासन अभिबृद्धिका लागि यथोचित कार्यक्रम बनाई लागु गरिनेछ साथै अनुगमन प्रणालीलाई सशक्त बनाईने तथा नागरिक जनगुनासो ब्यवस्थापन, सार्वजनिक संचार माध्यमको प्रयोग, प्रचार प्रसार जस्ता क्रियाकलापलाई विशेष महत्व दिई सोहि अनुरुप कार्यान्वय गर्ने ब्यवस्था मिलाईने छ ।
- जिम्मेवारी र जवाफदेहितामा अभिबृद्धि गर्न जन प्रतिनिधीहरुको आचार संहिता स्वीकृत गरी लागु गरिनेछ साथै कर्मचारीको आचार संहिता कार्यान्वयनलाई प्रभावकारी बनाईनेछ ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै सङ्घ, प्रदेश र स्थानीयतहबीच सुमधुर अन्तरसरकार सम्वन्ध कायम गर्नका लागि सहकारिता, सह अस्तित्व र समन्वयमा जोड दिईनेछ ।
- न.पा.को स्वामित्वमा रहेका, भोगचलन तथा संरक्षरणमा रहेका भवन, जग्गा जमिन र प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रबर्द्धन गरिनेछ ।
- राज्यले प्राथमिकता दिएको सहभागिता र समावेशी नीतिलाई प्राथमिकताका साथ पालना गर्ने नीति लिईनेछ
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन न.पा.को संगठनात्मक क्षमता तथा दक्षता अभिवृद्धि गर्न वृत्ति विकासको अवसर प्रदान गरिनेछ ।
- दण्ड र पुरस्कारको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- नगरपालिकाको काम कार्वाहीमा पारदर्शिताका लागि पत्रपत्रिका, वेभसाइट, सूचना तथा रेडियोबाट प्रकाशन/प्रसारण गरि नगरवासीलाई सुसुचित गरिनेछ ।
- वडा समितिको कार्यालयको कार्य कुशलता र क्षमतामा प्रभावकारीता ल्याउन वडा समितिहरुलाई साधन स्रोत सम्पन्न गराउदै लगिनेछ ।
- सेवाग्राहीहरुलाई सहज र सुलभ तरिकाले सेवा प्रदान मुख्य कार्यालयमा हेल्पडेस्क खडा गरिनेछ ।
- विभिन्न शहरहरुसंग पारस्परिक सहयोग, अनुभव आदान प्रदान गर्न भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ
- भ्रष्टाचारमुक्त शुन्य सहनशिलताको नीति लिईनेछ ।
- आम जनताहरुको सुझाव र गुनासोको यथोचित सम्बोधन गर्न नगर प्रमुख र उपप्रमुखको कार्यकक्ष बाहिर सुझाव पेटिका राखिने छ ।
- नगरपालिकाका निर्वाचित प्रतिनिधी, कर्मचारी, कार्य स्थल र अभिलेखहरुको सुरक्षामा विशेष ध्यान दिईनेछ

### <u>राजश्व संकलन तथा व्यवस्थापन सम्वन्धी नीति</u>

- राजश्वका दर र दायरालाई फराकिलो बनाउँदै राजश्व वृद्विलाई प्राथमिकता दिईनेछ ।
- कर, राजश्व संकलनका लागि कर्मचारीहरुलाई स्थलगत रुपमा परिचालन गरिने छ ।
- राजश्व सम्बन्धी अध्ययन तथा अवलोकन गरी राजश्व वृद्वि र व्यवस्थापनमा जोड दिईने छ ।
- करदाता शिक्षालाई प्राथमिकता दिईने छ ।
- बजेट तथा स्रोत परिचालनलाई प्रभावकारी बनाउन स्रोतको संभावना खोजीका लागि अध्ययन गरिने छ ।

- नियमित र सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिने छ ।

**आगामी आ.व. २०७५/७६ का लागि प्रस्तावित मुख्य मुख्य कार्यक्रमहरु निम्न वमोजिम रहेका छन ।**

- सडक पूर्वाधार
- शिक्षा पूर्वाधार
- स्वास्थ्य पूर्वाधार र सेवा सुदृढीकरण
- मुक्त कमैया सुकुम्वासी आवास कार्यक्रम
- पर्यटन पूर्वाधार विकास
- लक्षित कार्यक्रम
- कर्मचारी र जनप्रतिनिधि क्षमता विकास कार्यक्रम आदि ।

**नगरसभाका अध्यक्ष तथा सदस्यज्यूहरु,**

बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा विभिन्न वैठक तथा छलफलमा उपस्थित भै उल्लेखनीय सहयोग गर्नु हुने नगर कार्यपालिकाका सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरुलाई विशेष आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु । त्यस्तै नगर सभा सम्पन्न गर्न जुनसुकै समयमा पनि कार्यमा खटिई सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य सम्पूर्ण कर्मचारीज्यूहरु, सामाजिकक परिचालकहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा हामीलाई निरन्तर र रचनात्मक सुझाव तथा सल्लाह दिई हौसला प्रदान गर्नु हुने आदरणीय व्यक्तित्वहरु तथा नगरवासीहरुप्रति पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु । हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका पत्रकारवर्गलाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत नीति र कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई टीकापुर नगरपालिका अगाडी वढ्ने विश्वास दिलाउँदै नीति, कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको सहयोग निरन्तर रहनेछ भन्ने अपेक्षा गरेका छौं ।

**धन्यवाद ,**

*दिनांक २०७५ साल असार १३ गते वुधवार*

केशरी रावल (विष्ट)

**नगर उप प्रमुख**

टीकापुर नगरपालिका

टीकापुर, कैलाली